# नेपाली सैनिक विमान संभार समूह नियमावली, २०४२

नेपाल राजपत्रमा प्रकाशित मिति

२०४२।७।१९

संशोधन

सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० २०७०।१।३०

सैनिक ऐन, २०१६ को दफा ११ र १६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम " नेपाली सैनिक विमान संभार समूह नियमावली, २०४२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "संभार समूह" भन्नाले नेपाली सैनिक विमान संभारसम्बन्धी काम गर्ने प्राविधिक कर्मचारीहरूको समूह सम्झनुपर्छ।

(ख) "प्रवर समिति" भन्नाले नियम ३ बमोजिमको प्रवर समिति सम्झनुपर्छ।

३. **प्रवर समिति** : संभार समूहको आयुक्त पदमा नियुक्तिको लागि सिफारिश गर्न देहाय बमोजिमको एक प्रवर समिति रहनेछ :-

(क) लोक सेवा आयोगको प्रतिनिधि - अध्यक्ष

(ख) प्रधान सेनापतिले तोकेको सहायक रथी वा सोभन्दा माथिको रथीवृन्द - सदस्य

(ग) नेपाली सैनिक विमान सेवा पति - सदस्य

घ) उप-सैनिक सचिव - सदस्य-सचिव

४. **न्यूनतम योग्यता** : देहायको योग्यता नभई कुनै पनि उम्मेदवार संभार समूहको लागि प्रवर समितिबाट लिइने परीक्षामा सम्मिलित हुन पाउनेछैन :-

(क) छानिने वर्षको वैशाख १ गते २९ वर्ष ननाघेको,

(ख) एरोनटिकल विषयमा इञ्जिनीयरिङ्ग डिग्री प्राप्त वा कुनै एक केटेगोरीमा एयरक्राफ्ट मेन्टिन्यान्स इञ्जिनियर (ए. एम. ई.) को लाइसेन्स प्राप्त,

**स्पष्टीकरण** :-“केटेगोरी” भन्नाले एयरफ्रेम, इञ्जिन, रेडियो, एलेक्ट्रिकल, इन्सुटमेण्ट र अटोपाइलट आदिलाई जनाउँदछ ।

(ग) नेपाली नागरिक,

(घ) राजनीतिमा नलागेको,

(ङ) सैनिक मेडिकल बोर्डबाट उत्तीर्ण भएको ।

५. **नियुक्ति** : (१) प्रवर समितिले सिफारिश गरेको व्यक्तिलाई आयुक्त पद प्रदान गर्न प्रधान सेनापतिले ✂.......... स्विकृतिको निम्ति नेपाले सरकार, रक्षा मन्त्रालयमा पेश गर्नेछन् र स्वीकृति प्राप्त भएको मितिदेखि उक्त उम्मेदवारले आयुक्त पद पाउनेछ ।

(२) प्रवर समितिको सिफारिशमा छानिएको उम्मेदवारलाई शुरुमा उप-सेनानी दर्जा प्रदान गरिनेछ र प्राविधिक बेसिक तालीम दिइनेछ ।

६. **दर्जा प्रदान गर्न सकिने** : (१) नेपाली सैनिक विमान संभार कार्यमा कार्यरत कुनै कर्मचारीले संभार समूहमा कमिशन हुन इच्छा गरेमा प्रवर समितिको सिफारिशमा जुनियर इञ्जिनीयर र सोभन्दा माथिको पदमा गरी नौ बर्ष स्थाई सेवा अवधी पुगेका कर्मचारीलाई एकै पटक एक्टिङ्ग सेनानीसम्म र सोभन्दा कम सेवा अवधि पुगेका कर्मचारीलाई सह-सेनानीसम्मको दर्जा प्रदान गर्न सकिनेछ ।

(२) उप-नियम (१) बमोजिम दर्जा प्राप्त गर्ने व्यक्तिले प्राविधिक बेशीक तालीम लिनु पर्नेछ ।

---

✂ सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा झिकिएको ।

(३) उप-नियम (१) बमोजिम दर्जा प्राप्त गर्ने व्यक्तिको नोकरी अवधि गणना गर्दा निजले त्यसरी दर्जा प्राप्त गर्नुभन्दा अघि गरेको स्थायी सेवा अवधि समेत गणना गरिनेछ ।

७. **सब्सटयाण्टिभ प्रमोशन** : सब्सटयाण्टिभ प्रमोशन देहायबमोजिम हुनेछ :-

(क) उप- सेनानीबाट सह-सेनानीमा : २ वर्षको सन्तोषजनक प्राविधिक सेवा पुगेपछि र सैनिक प्राविधिक बेसिक तालीममा उत्तीर्ण भएपछि खाली ठाउँ छ भने ।

(ख) सह-सेनानीबाट सेनानीमा : ९ वर्षको सन्तोषजनक प्राविधिक सेवा पुगेपछि खाली ठाउँ छ भने ।

(ग) सेनानीबाट प्रमुख सेनानीमा : १४ वर्षको सन्तोषजनक प्राविधिक सेवा पुगेपछि खाली ठाउँ छ भने ।

घ) प्रमुख सेनानीबाट महा-सेनानीमा : १८ वर्षको सन्तोषजनक प्राविधिक सेवा पुगेपछि खाली ठाउँ छ भने ।

८. **एक्टिङ्ग प्रमोशन** : देहायका दर्जामा एक्टिङ प्रमोशन हुन देहायको सेवा अवधि पुरा गर्नु पर्नेछ ।

(क) महा-सेनानीमा - १५ वर्षको सेवा अवधि ।

(ख) प्रमुख सेनानीमा - १२ वर्षको सेवा अवधि ।

(ग) सेनानीमा - ८ वर्षको सेवा अवधि ।

९. **अवधि** : (१) प्रमुख सेनानी र सो भन्दा माथिको अधिकृतको पदावधि चार वर्षको हुनेछ ।

(२) उप-नियम (१) बमोजिमको चार वर्षको अवधि पूरा गरेपछि अर्को चार वर्षको एक अवधि नेपाले सरकारको स्वीकृति लिई थप गर्न सकिनेछ ।

३) उप-नियम (२) बमोजिम थप भएको अवधि पनि पूरा भैसकेपछि होनहार अधिकृतलाई मात्र नेपाले सरकारको स्वीकृति लिई पुनः एक पटक अर्को चार वर्षको एक अवधि थप गर्न सकिनेछ ।

(४) उप-नियम (२) वा (३) बमोजिम अवधि थप नभई अवकाश पाउने भएका कुनै अधिकृतको निवृत्तभरण पाउने अवधि पुगेको रहेनछ भने, त्यस्ता अधिकृतलाई सो अवधि पुऱ्याउन आवश्यक पर्ने अवधि थप्न सकिनेछ ।

(५) यस नियममा जेसुकै कुरा लेखिएको भए तापनि कुनै पनि अधिकृतलाई नियम १० मा उल्लिखित उमेरको हद नाघ्ने गरी अवधि थप गरिनेछैन ।

१०. **उमेरको हद** : उमेरको हद देहायबमोजिमको हुनेछ :-

(क) महा-सेनानी -५५ वर्ष ।

(ख) प्रमुख-सेनानी -५४ वर्ष ।

(ग) सोभन्दा मुनि उप-सेनानीसम्म -५३ वर्ष ।

११. **तलब भत्ता** : (१) संभार समूहको कर्मचारीहरूको तलब भत्ता नेपाले सरकारले समय समयमा तोकिदिएको स्केलबमोजिम हुनेछ ।

(२) संभार समूहका कर्मचारी सैनिक (हवाई परिवहन) नियमावली, २०३० बमोजिम चालक दलमा सम्मिलित भएमा निजलाई सोही नियमावली बमोजिम खाना र जलपान खर्च दिइनेछ ।

(३) संभार समूहको चीफ इञ्जिनीयरलाई मासिक रु. ३००।- चीफ इन्जिनीयर भत्ता दिइनेछ ।

१२. **ओभरटाइम भत्ता** : संभार समूहको कर्मचारीलाई दिनमा आठ घण्टा काम गरेपछि सोही दिन पुनः काम लगाएमा प्रतिघण्टा निजको मासिक तलबको एक प्रतिशत बराबरको रकम ओभरटाइम भत्ता दिइनेछ ।

१३. **बचाउ** : यी नियमहरूमा लेखिए जतिमा यसै नियमावलीबमोजिम र अरूमा सैनिक प्राविधिक सेवा नियमहरू, २०१९ बमोजिम हुनेछ ।

नेपाल कानून आयोग

द्रष्टव्य :- १. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"।

२. सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा नियमहरुको ठाउँ ठाउँमा रहेको "शाही नेपाली" र "शाही" भन्ने शब्द झिकिएको।